## Ⅰ-2 आपतकालीन स्थिति (आगलागी र आकस्मिक अवस्थामामा)
### रोग व्यथा र अपराधजन्य अवस्थामामा पनि सम्पर्क गर्नुहोस

### 1. आगलागि भएमा 119 सम्पर्क गर्नुहोस्

आगलागि भएमा तत्काल नजिकको व्यक्तिलाई चर्को आवाजमा सूचना दिनुहोस् । घरमा (फायर अलार्म) घन्टीको सङ्केत भएको बटम थिच्नुपर्छ । अनि 119 मा टेलिफोन गरि तपाईको अवस्था र ठेगाना बताउनु पर्छ । तपाईको वरिपरि आगो र धुवा बढी भएमा सहजताका लागि सुरक्षित स्थानमा जानु होस् ।

**जापानी** : खाजी देसु । खाजी देसु ।
मोसिमोसी .वातासिवा ....देसु ।...तो ईऊ तोकोरो नी सुन्देइमासु । वातासी सुन्देइरु तोकोरोनो ..... ज्यूस्यो नी खाजी देस । हायामेनी तासुकेते कुदासाई ।
**नेपाली** : आगलागी भयो म......हो यो.......ठेगानामा आगोलागी भएको छ । यो ठेगानामा बस्ने ......बोल्दै छु।मेरो घर को छेउमा आगोलागी भएको छ । सहयोगका लागि आउनुहोस ।

### 2. अचानक बिरामी, चोटपटक, आदि भएमा (119 मा अंग्रेजी भाषामा पनि बताउन सकिन्छ)

यदि तपाई बिरामी, चोटपटक आदिको कारण अचानक अस्पताल जान असमर्थ हुनुभएमा 119 मा कल गर्नुहोस् र एम्बुलेन्स आउछ । कल र एम्बुलेन्स नि: शुल्क छन् तर अस्पतालमा उपचार खर्चको ब्यवस्था आफै गर्नुपर्छ । अवस्था हेरी एम्बुलेन्सहरूले स्थान, समय र दिनको आधारमा रकम तोक्दछन् । आफै गन्तव्य निर्दिष्ट गर्न र गलत औषधि वा विष (खतरनाक) लिनु भएमा पिएको कन्टेनर वा बोटल सहित तुरुन्त अस्पतालमा जानुहोस् । अचानक बिरामी, चोटपटक, आदि भए 119 मा फोनगरि, अंग्रेजीमा पनि कुरा गर्न सकिन्छ ।
जापान भ्रमण गर्ने विदेशी नागरिकहरूले प्रयोग गर्ने गाईड
https://www.fdma.go.jp/publication/portal/post1.html

जापानी भाषामा भन्ने तरिका उदाहरण
नेपाली मोसिमोसी. वातासि.....................................देसू ...............................................ज्यूस्योनि जिको दे केगानो हितो गा इमासु .चि गा ताकुसान देते मासु. सिम्पाई सीतेइरु वातासी .....देसू . जिको दे चिगा ताकुसन देतेइमासु .

### 3. अपराध र क्षति भएको 110 नम्बरमा अंग्रेजीमा कुरा गर्न सकिन्छ

यदि कुनै अपराधमा संलग्न हुनुभयो वा यसका साक्षी हुनुहुन्छ भने तुरुन्त 110मा फोन गरि पुलिसलाई सम्पर्क गर्नुहोस्। तपाईं आफ्नो घर वा कार्यालयमा चोर पसेको थाहा पाएमा कृपया 110 मा कल गर्नुहोस्।

| |
|---|
| जापानी भाषामा भन्ने तरिका उदाहरण<br>तासुकेते कुदासाई<br>दोरोबोउ देसु<br>सुरिनीआइमासिता<br>नाकुरारेमासिता |

ओसाका प्रीफेक्चुरल पुलिस हेडक्वार्टर११० ☎ 06-6937-2110
नियम कानून मार्फत सम्भावित हानि नोक्सानी जस्तै आक्रमण र अनावश्यक टचर रोक्नका लागि हिंसात्मक गतिविधि भएमा ओसाका प्रान्त पुलिस प्रधान कार्यालयमा सम्पर्क गर्नुहोस।

जीवनसाथी र प्रेमीको हिंसा कानूनद्वारा निषेध गरिएको छ । ओसाका महिला परामर्श केन्द्रमा पीडितको अस्थायी सुरक्षा तथा परामर्शको ब्यवस्था भएकोले ढुक्क भएर सेवा लिनुहोस् ।
ओसाका महिला परामर्श केन्द्र ☎ 06-6949－6181

## ４. रिपोर्टको बारेमा

सार्वजनिक टेलिफोनबाट निशुल्क रुपमा तपाईं 110 मा कल गर्न सक्नुहुनेछ । बिना पैसा तपाई ह्यान्डसेट उठाउनुहोस् र फोनको अगाडिको रातो बटन थिच्नुहोस् । तपाईं आफ्नो मोबाइल फोनबाट पनि नम्बर डाएल गर्न सक्नुहुन्छ । तपाईंको मोबाइल फोनमा 119 वा 110 थिच्नुहोस् ।  तपाईको ठेगाना र मोबाइल फोन नम्बर भन्न नबिर्सिनु होला ।

5. **शरीरका अंगहरू**


कपाल KAMINO-KE
आखिभौं MAYUGE
आखाँ ME
नाक HANA
टाउको ATAMA
कान MIMI
अनुहार KAO
गाला HO-O
मुख
चिउड़ो AGO
काखी WAKINO-SHITA
कुइना HIJI
छाती MUNE
पाखुरा UDE
निप्पल CHIKUBI
नाडी
पेट HARA
नाबी
हात TE
जननेन्द्रिय SEIKI
शाप्रा MOMO
औंला YUBI
घुडा HIZA
खुट्टा Ashi
औंला Tsumasaki
कुर्कुचो,हिल Kakato

**भित्रिअंग**


खाने नली,ठाउ
SHOKUDO
फोक्सो
HAI
मुटु SHINZO
कलेजो
KANZO
पेट I
किड्नी JINZO
सानोआन्द्रा
SHO-CHO
मुत्रबाहिनी
NYOKAN
ठुलोआन्द्रा
DAICHO
काएकुम MO-CHO
मुत्राशय
BO-KO